# मैना

लक्ष्मीप्रसाद देवकोटा

# मैना

(गीतिकाव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**
www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०३९

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (मैना)
*संस्करण* : पहिलो २०३९
*ISBN* :

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2026-07-13, 17:49:20 UTC
*Latest minor Correction* : 2026-07-13, 17:49:20 UTC
*Sahityaras ebook id* : 20260713174920

**Cover art**
*Maina book cover*
by Sahityaras team

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

# विषयसूची

*सम्पादकीय*

*भूमिका*

- क
- ख
- ग
- घ
- ङ
- च

# सम्पादकीय

महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपालको प्रजातान्त्रिक अभियानका क्रममा काठमाडौं छोडी बनारसमा रही आफ्ना कलम र क्रियाकलापका माध्यमबाट विशेष सक्रिय रहेको अवधि (२००४-६) लाई उनको कवितायात्रामा बनारस-प्रवासको संज्ञा दिइन्छ। त्यस अवधिमा उनले क्रान्तिकारी साहित्यको सिर्जना गर्नाका साथ आफ्ना अन्य रचनामा पनि क्रान्तिको व्यञ्जना गरेका छन्। यस क्रान्तिमय वातावरणमै पनि उनले सौन्दर्यको विशुद्ध उपासना पनि कायम राखेको देखिन्छ। अतिप्राकृत तत्वलाई मनोवैज्ञानिक आयाम दिई प्राकृत तुल्याउने स्वच्छन्दतावादी काव्यचेतना र नैतिक चेतबाटै प्रस्तुत 'मैना' गीतिकाव्य उत्प्रेरित भएको छ। नेपाली लोकलयलाई काव्यका उच्च स्तरमा उचालेर नेपाली काव्य परम्परालाई नै नौलो मोड दिने गीतिकाव्य (वि. सं. १९९२) 'मुना मदन' काव्य परम्परामा प्रस्तुत "मैना " काव्य एक अर्को प्रयोगशील अध्यायका रूपमा थपिन आएको छ। प्रस्तुत काव्य स्वयम् महाकविकै भूमिकासहित फेला परेकोले त्यस भूमिकाले यस काव्यका पृष्ठभूमि र संकेतका बारेमा विशेष जानकारीसमेत दिएको छ।

–सम्पादक
डा० वासुदेव त्रिपाठी
प्रा० ठाकुरप्रसाद पराजुली

# भूमिका

यो "मैना" पनि एक दिनको लहडी प्रयास हो। यसमा भित्री तरंग गहीरा छन् कथा सरल छ। बोक्सी र बोक्सी देश अन्धकार र अन्धकारसँगका साहचर्यका प्रकटीभूत मूर्ति र क्षेत्रका रूपमा पहिले प्रदर्शाइएकी छ जसतर्फ मानवात्मा कामवशमा आत्मसाधन पाउन झुकाव लिन्छ। मैना भ्रान्त जीव आत्मा सुन्दरको मिथ्या पकडतिर दौडन्छे र जीवनको मूल ध्येयमा भ्रान्ति परेर मिथ्यासुख अपनाउन खोज्दछे। यसले धर्म्म जो विश्वमूल हो बिर्सेर उ अन्ध चातुर्यशीला बनी विषालु शक्ति प्रयोग गर्दछे र स्वामी-ईश्वर रूप या धर्म्ममूल रूपको हत्या गर्छे र शिशु-मानव विकास मूल या मानव देव तत्वको निरादर गरी आफ्नो पितृभावको अमृतत्व गुमाएर भ्रम श्रृङ्गारमा यताउता रौस लिन्छे। आखिर उसलाई पापको नतीजा अहार्य नैतिक विश्वक्रमले ल्याउँछ र ऊ दुःख पाउँछे मर्दछे। कष्टसाथ स्पष्ट नरकगामी। पापलाई विश्वनियममा फल जरूरी छ न्यायतत्वले। देवर उसको हतियार भ्रान्ततृप्तिको वज्रद्वारा मर्छ। मैनाको यातना तर लामो छ अनंतले छ महीना डस्छ। अनि दृष्टि अति प्रकृतिको भयंकरत्वद्वारा खुल्छ मनोवेगमा पक्षवात पैदा गरेर। यो नैतिक कथा सरल शब्दमा भनिएको छ। यसको ढङ्ग अकामुक काम प्रदर्शनको हो। काम खराब छ पापमार्गी छ। भ्रान्ति उत्पादन गर्छ। स्वार्थ विषालु बनाउँछ। नृशंस हुन जान्छ अचेतमा। कामको रिक्त परिणामबाट दृष्टि मिल्दछ अनि आत्माले संसार बुझ्दछ, दुःख खान्छ र आफ्नो नैतिक फाँटमा जान्छ। स्वर्ग शिशुको हो। धर्म्मले शिशु आत्मा शीतल हुन्छ। अधर्मले रुन्छ अचेतमा। विश्वशक्तिहरू ऐन्द्र कुलिश अतिमानव शक्ति शिशु आत्माका न्यायशास्त्र ईश्वरद्वारा चल्दछन्। सत्य शिशुमा छ पृथ्वीमा। उसै निम्ति स्वर्गबाट चटकन्छ र मृत्युको राहमा पापात्माहरूलाई विश्वनीतिको काँटमा स्थान दिन्छ। यो यसको उपदेश

हो। यो औपदेशिक कथा हो– तर वर्णात्मक र सूचनात्मक छ अतिमानव भागहरू ज्यादा कलात्मक नभएर पनि साधारण जीवनको कक्षालाई पक्रेर प्राकृतिक र सूचक होलान्।

–लक्ष्मीप्रसाद देवकोटा

# मैना

## क

(१)

"ए बूढी आम्मै ! अकेली पात सुकेकी रुखकी ।
हवा झैं रुने, हवा झैं हाँस्ने, कम्मर झुकेकी ॥
ए काँस सेती पीपल रुखको पौवामा बसेकी ।
के आँट्यौ आम्मै ! अकेली गुनगुन पात झैं खसेकी ?" ॥

(२)

"बिरालो मेरो यौटा छ साथी गन्धक आँखाको ।
रातमा चढ्छु सात सागर हिंड्छु काम गर्छु भाखाको ॥
पाँच औंलाभरी पाँचरंगी बत्ती गन्धक तरंगी ।
पाँचौटा फेरी काँचुली हिंड्छु हर मेरो सब बंगी" ॥

(३)

"ए बूढी आम्मै ! पीपलमा भन्छन् क्यै बोली सुनिन्छ ।
दिनभरी के के बोलेर जान्छन्– रातभरी काम हुन्छ" ॥
"हो नानी छोरी, नक्कले गोरी– सात सागर त्यहाँ छन् ।
हरियो झ्याउ, हरियो पानी, लालफेदी जहाँ छन् ॥

(४)

"हामी ता बाल्छौं उजेली काठ जूनकीरी लाल्टिनी।
नील घंटी फूल मध्य है रातमा बजाउँछौ टिन्टिनी ॥
जूँघेफूललाई जोताउँछौं खला गोखुरलाई जोतेर।
सबैका घरमा हावामा पस्छौं छौंडालाई छोडेर ॥

(५)

जुठ्यानको पयर नधोई सुत्ने– अंगार छोएर।
छातीमा हात पयर नाकको पोहोरा सम्फेर ॥
उत्ताना त्यस्ता सुताहालाई रातको मस्तान।
उ भई हामी लगाइदिन्छौं ऐंठन रटान ॥

(६)

"पयरले छोए नैवेद्यलाई कीरा भैं पस्दछौं।
यो हाम्रो भनी देउतासँग भाग हाम्रो खोस्तछौं।
आँधिको धूलो पाउडर लाई बालुवा सितारा।
भूतगणसँग विवाह गर्छौं नदीका किनारा ॥

(७)

"एक वेद सिङ्गै हाम्रो छ भन्छन्– मारण, मोहनी,।
सियाले गोबर गोभेर गर्छौं, बिरुवादोहनी ॥
लालपातेलाई बनाई मुटु मुजुरको प्वाँखले।
हानेर सातसौ पटक हामी पक्रन्छौं आँखाले ॥

(८)

"गिद्धको गिदी, उल्लूको बाटुल आँखाको परेला।
बनेलको दाह्रा, बाघको बोसो, भालूको नङफेला, ॥
राजाको ढोका अघिको माटो कुकुरको नङ्ग्राले।
फोरेको हामी मिलाई पकाई भन्टाका भुङ्ग्राले ॥

(९)

"पिटेर फाई बनाउँछौं गाजल रातको अँधेरी।
छर्लङ्ग पारी बिराल आँखे, टिप्तछौं बनबेरी ॥
त्यसैले आँखा अनौठा हाम्रो मुटुको टेढा छ।
औषधि हाम्रो ढ्याङ्ग्रेले हान्दा पीपलको गेडा छ।

(१०)

"भूत देश यौटा मिरमिरे हुन्छ ताराको मिरमिरे।
हावालाई मारी टाडो र छाला मशालमा कुखुरे ॥
मोहनी मंत्र लगाई चढ्दा छाया भै खँदीलो।
प्रेतगणसँग खेल्दछ मन दिनमा झैं रसीलो ॥

(११)

"बोक्सीको देश अँधेरी देश हसीया चाँदनी।
श्यालसिङहरू उम्रिन्छन् जहाँ मशान खोदनी ॥
दुनियाँ उल्टो धरातल तल ऐंठन सपने।
धर्म्मको उल्टी, अधेरी सुल्टी, नबुझ्ने जपने ॥

(१२)

"दिनको सेतो उज्यालो पारी चमेरो प्वाँखमा।

बिरालआँखे उल्टी मन देश अँधेर सौखमा ॥
उपलपाते बर्बर भरी बङ् रेखा मजा छ, ।
कलेजीझार काँढाको दार त्यसको ध्वजा छ" ॥

(१३)

"ए बूढी आम्मै ! मोहन लाउन के गर्नुपर्दछ" ।
"मध्यरात जानू कुमारीथान जब शब्द मर्दछ ॥
"ढुक्कुरको मुटु चढाउनू त्यहाँ परेवा छालामा ।
अक्षर लेख्नु अनारको काँढा कोरेर गालामा ॥

(१४)

"हुंफट आमा ! फलानोलाई मोहनी लगाइदेऊ ।
अँधेरी वाचा ! मोहनी वाचा ! यो बत्ती जलाइदेऊ" ।
भनेर घण्ट दूधमा लाई मुटु झैं हल्लाऊ ।
तरुनी फेरि पुगेन भने मलाई गिज्याऊ ॥

(१५)

पहिलो छोरा तिम्रो छ गोरो सलक्क हलक्क ।
पोइ छन् सुधा– जान्दैनन् केही तिमी छौ झलक्क ॥
बोक्सीका मंत्र पढेर उठ लगाऊ मोहनी ।
न माया राख्नु– चढाउनू छोरो– रातो छ हन्सनी ॥

(१६)

हन्सनीलाई मासुको पूजा– रगतको तिहार ।
उल्लाई खालि रिझाए पुग्छ संसारको जुहार ॥
मानिसलाई मार्न, जिलाउनसम्म उसको ताकत छ ।

तर उ माग्छ छोराको रगत– जेठाको स्वागत छ ॥

(१७)

सुनेर हिंडिन् खुशीले मैना– नखरे फटाही ।
पोइ थिए छ्याके चार्कुनेबाजे कालाका दमाही ॥
देवर थिए धिराज जस्ता गोरा र उज्याला ।
फसाउन तिनलाई नक्कली मैना गर्दथिन् यो चाला ॥

(१८)

एक्काइस वर्षभन्दा क्यै अघि बढेकी वयले ।
ऐनाकी सोखी, कपालगुंडी अलपक्काखायसे ॥
भौंटिपा बानी ओठ लाली चर्की नखरे कामिनी ।
बिजुली आँखा झिल्काई बोल्थिन् देवरमा जैसिनी ॥

# ख

(१)

मध्याह्न आयो निशास्सी एकदिन– बाँसका घारीमा।
आवाज त्यहाँ भएन केही वारी र पारीमा ॥
बिरालो बस्यो पुच्छर माथि– बुइँगलको झ्यालमा।
कुक्कुरले केही रोए झैं सुन्यो आँगनका माझमा ॥

(२)

केटा र केटी उ सर्प भनी बादललाई देखाउँथे।
एक माग्ने आयो खप्परु लिई त्योदेखि डराउँथे।
आफैं पो खस्यो छानाको फर्सी पटक्कै फुटेर।
"जा भन्थी" त्यल्लाई कदम भन्ने नोकर्नी छुटेर ॥

(३)

"एक मुट्ठी सच्चा! एक मुट्ठी निर्मल! नङ्गा छ परमेश्वर!
विना र बादल गर्जेला आकाश– थर्केला थर् थर् थर् ॥
भाई देखी भाई डराइ भाग्ला– छोरा र आमाको।
कुक्कुर बिल्ली संसारमा जाग्ला आगलागी यामको" ॥

(४)

"टोक् टोक् रे खैरे !" मैनाले बोली माग्नेका आँखामा।
अनौठा झल्क्यो उज्यालो यौटा भावका शाखामा ॥"
बादल उठ्यो हुसुस्स त्यहाँ– कुइरोले ढाक्यो घाम।
हाबामा सर्प स्याँ स्याँ क्यै गऱ्यो त्यो भयो अलपधाम ॥

(५)

"त्यो माग्ने खै हँ? त्यो माग्ने खै हँ?" मैनाले कराई।
कदम केही दगुरी भनी देखिन त्यल्लाई ॥
के गजब ! कदम ! कुइरो लाग्नु मध्याह्न याममा।
बाबुलाई बोला मुनु छ कहाँ यो रात्री याममा ॥"

# ग

(१)

त्यो रात थियो अँधेरी सिमसिम रोएझैं स्वर्गले।
अँगार थियो सब वरीपरी ढाकेझैं नर्कले ॥
बिरालो रुन्थ्यो भाँगप्वालमा कहीं– मैनाले पिलाइन्।
पिसेर केही बाघको जूँघा– सर्बतमा मिलाइन्।

(२)

विषालु सर्बत पोइलाई दिइन्– छ्याक र गठरा।
सुधा ती कठै! "मीठो भो आज!" भन्दथे बेचारा ॥
पिएर सुते मिट्ठाई खाई विषले भरेका।
भो भोलिपल्ट रुवा र बासी ती हुँदा मरेका ॥

(३)

मैनाले फोरिन् नारीका चुरी, चुरी ती रेशमी।
मैनाले झिकिन् त्यो रातो धागो, सधवा मौसमी ॥
मैनाले फिंजिन् विधवा झाँक्रो मैनाले रोइन् जल।
मैनाको मुटु घुँघुक्क भयो छिमेकले रोयो भल ॥

(४)

तेरह दिन नूनलाई छोडिन् मैनाले उज्याली।
रोएर बोल्थिन् सब आउनेसँग घुँक्का नै निकाली ॥
सेतो र मैलो कपडा लाइन् एक महिना देखनी।
सङ्क्रान्ति आयो माघको जब उघ्रियो ढकनी ॥

(५)

त्यो दिनको राती– दान गर्न भनी किनेका रंगीन।
रेशमी सारी– श्रृंगार भारी गरेर जतन ॥
तिनले लाइन् थुनेर ढोका रातमा बिजुली।
बालेर चर्को ऐनाका अघि बनेर नक्कली ॥

(६)

पाउडर सेतै पारेर गाला भुवाले छोएर।
सिरिङ्ग पारी कामको आङ– कालटीकी जडेर ॥
सरक्क पुछ्छिन् रेशमी रुमाल पातलो हातमा ली।
आँखाको कुना– नाकका कुना– अप्सरा उज्याली ॥

(७)

सरक्क पारी जलले फेटी नरिवल सुगन्धी।
नरम पारी केशका पत्रा तानेर प्रबन्धी ॥
हिउँको निधार बुट्टाले भर्छिन् सलक्क पारेर।
टलक्क टल्की ढलक्क ढल्की ऐनालाई नारेर ॥

(८)

गीत गाँउछिन् गुन गुन– कामिनी छुन मुन, अकेला निकाली।
पाउडरको कोठी गालामा लाउँछिन् चोलीलाई अफाली ॥

कस्तूरी दल्छिन् आँपमा मीठा दहरा उज्याली।
मुन्टोमा राता दलेर एकछिन् कुत्कुति निकाली ॥

(९)

बाँकटे लाउँछिन् झिल्झिले चोली सितारा झिल्मिले।
अत्तर सिर्का तीन सिर्का दिन्छिन् सुगन्धी सल्सले ॥
पाउडर घस्छिन् पाखुराभरी रुमालले सलक्क।
पुछेर हेर्छिन् मुसुक्क हाँसी मोहनी झलक्क ॥

(१०)

सुनौला मासू कपूर भयो सेतोमा मोहनी।
गलाको शङ्ख झलक्क खुल्यो अधनङ्गा रोहनी ॥
रेशमको लाइन् फूलबुट्टे सारी ऐनामा हेरेर।
जुरोमा राखिन् घुंटोको अडान क्यै पाखा फेरेर ॥

(११)

छातीमा लाइन् सेफ्टीपिन यौटा कृष्णको ल्याकेट।
कम्बरमा लाइन् कम्बरपेटी झिल्झिले खिपेट ॥
कुर्कुच्चालाई फटिकले घोटिन् ओठमा लाली दी।
नङमा लाइन् पालीस मीठा भौं टिपी हाली दी ॥

(१२)

जुरुक्क उठी रुमाल ली हेरिन् ऐनामा टुटान।
मुसुक्क हाँसिन् मोहनी हेर्न दाँतका जुटान ॥
अनेक कोणमा मुखलाई नचाई ऐनालाई गिज्याइन्।
एक छिन उभ्भी कम्बरमा हात दी कटीलाई नचाइन्।

(१३)

बिछ्यौनालाई माछाको बुट्टे तन्नाले कसेर।
सिरकलाई राखिन् नागबेली पारी बान्कीलो जडेर ॥
पलङमा यौटा बाबरलेट हालिन् रंगेको अस्मानी।
तकिया गाले राख्दछिन् ठाउँमा कामनी दीवानी ॥

(१४)

फूलको झुप्पा फूलदानीमाथि पानीमा दिएर।
मखमल यौटा सुनौला कार्चोप भुँइमा जडेर ॥
तिनले चीम झिकेर हालिन् हरियो गुलूप।
भऱ्याङ्मा आयो जुत्ताको आवाज जो थियो मनसूब ॥

(१५)

"ए बाबु! बाबु! " –सहसा तिनले देवरलाई बोलाइन्।
"खोलेर ढोका पस्नोस् न भित्र" भनेर बोलाइन् ॥
ढोकाको आडमा लुकेर आफू देवरलाई पसाई।
ढ्यामढुम्म पारी लगाइन् ढोका जवानलाई पसाई ॥

(१६)

सलक्क गई अँगालो हालिन् गालामा चुम्बन दी।
"हे भाउज्यू! भाउज्यू! " देवरले भने मुख पो थुन्छिन् ती ॥
तानेर हातले घिसारी ल्याइन् पलङमा अडाइन्।
बसेर काखमा गालामा चपत अँगाली लगाइन् ॥

(१७)

"अधर्म्म हरे!" देवरले भने, भाउज्यूले भनिन् चूप।
मानिसको धर्म्म यही हो खासा सबैमा गुप् चुप् चुप ॥
बिछ्यौनामाथि लडाइन् देवर ती बने कमजोर।
पुरुषको बाँकी बल हरीदिइन् चुम्बनले बिजोड।

(१८)

"कृष्ण है हजूर म राधाप्यारी" लाडेर ती भन्छिन्।
"क्यै छैन पाप सुख्खको चोला बिताउँ" ती भन्छिन् ॥
धेरै बेर त्यहाँ कृष्णको लीला उज्यालो गराइन्।
मूसाको खटखट कुनामा हुँदा तर्सेर डराइन् ॥"

(१९)

खूब आँधी चल्यो मसानरातमा रोएर सारा वन।
बादल गर्जे माघका मासमा, हवा भो घनघनघन ॥
रोएर आयो विलापी आयो हावाको भुँवरी।
देवरले भने "के हो हँ यस्तो? भाउज्यूले भनिन् "छीः" ॥

(२०)

"पातको खालि सुसेली एउटा पानीको झरझरझर!"
देवरले लाए अनौठा आँखा, भाउज्यूले भनिन् "घुर्" !
"कमजोर आत्मा के काम लाग्छ भन्नोस् त मर्दाना?।
पाप भन्नु खालि दुर्बल हुनु बलियो मस्ताना!" ॥

(२१)

बुङ्गलमा लड्यो सिलौटो एउटा भऱ्याङमा रोयो स्वर।
देवरले भने "के भाको यस्तो?" भाउज्यूले भनिन् "घुर्" ॥

"हावाको हान्हुन– पानीको झोका पापै छ रमाइलो।
संसारमा ज्यून मज्जाले आयौं धर्म्म झूट घुमाउरो" ॥

# घ

(१)

"ए आम्मा ! आम्मा ! बा खै हँ ? शहलमा दानू भो ?" ॥
"हो हो बा । चुप चुप । बूढोघर कहीं निंतामा जानुभो" ॥
"बा आउने अम्मा ?" "नआउने ग्वाङ्ग्री !" "भोली पल्छी नि ?"
"के गर्नु त्यस्तो छ्याके वा आई जा खेल्न अल्छिनी ! ॥

(२)

ए बाबा आउ न । ए बुवा आउन ! पापा र चीची दे !" ।
भनेर पाठासँगमा खेल्छिन् तीन बर्खे मीनीले ॥
पाठाको कानमा ती कुरा गर्छिन् अनौठा खुस्खुसे ।
हेरेर आकाश "बा खैं हँ ?" भनी रुन्छिन् ती अकेली ।
पातसँग गर्छिन् रोएका कुरा फूलकी सहेली ॥

(३)

नबुझ्ने कुरा छायामा खेल्छन्– शिशुका अधरमा ।
बालकको मनमा विचित्र ईश्वर खेल्दछ रहरमा ॥
"यो आमा हाम्रो बालाई गल्छ ए पाठी हेलाँ हो ।
नभन नानी आमाको कानमा ।" खुसखुस त्यहाँ भो ॥

(४)

"बुवा नै छैन" "टुहुरी भन्छिन् आँखामा जलभरी।
"बुवा नै गयो कहाँ हो कहाँ– माया नै नगली" ॥
उ आकाशमाथि शहल छ बाबु। पापा ल चीची छ।
"तँ ल म खाउँडला" भनेर लोलाई
पाठाको आङमा तकिया पाई त्यो मीनी सुती छ ॥

# ङ

(१)

एक दिन थियो कृष्ण र राधाप्यारीको लीलन।
मीनीलाई लाग्यो अनौठा भोक– हात गल्यो खेलन ॥
पसीना आयो चिटचिटा त्यसै दुखेछ कलेजा।
"आमाले गाली गाली नै गल्छे"
भनेर रोइन् बुवालाई संझी
टुहुरी मन धूजा ॥

(२)

"के गल्छे आमा! थुन्दछे ढोका! त्यो सानु बुवाले।
हप्काउँछ मात्लै हप्काउँछ मात्लै ती आँशु धुवाले ॥
बादल टुक्री आकाशको वनमा आँशुकी वाफ झैं।
रोएर भनिन् र उक्ली गइन् गलेकी पिंडौली।
ढोकामा गई घच्घच गरिन् बोलिनन् ती नौली ॥

(३)

"को आयो भनी?" देवर झस्के भाउज्यूले भनिन् "घुर्" ।
"खाली त्यो हवा एक झोका होला मूसाको क्यै खुरखुर" ॥
"मूसाको आवाज सुनेर झस्के कस्तो हो शूऱ्याई।

एकवाजी दाँत चिलायो टोकूँ गालामा पुऱ्याई।"

(४)

ती केटी रोइन्– मुटुमा आयो अनौठा घुक्कन।
आँसुलाई पुछी प्वालबाट हेरिन् चिहाइ एकछिन ॥
अँगालो हाली चुम्वन गर्थे कृष्णा र राधा ती।
"के गऱ्या होला ?" भनेर तिनको आत्माले शरापी ॥

(५)

आँखाको नानी टुलुक्क कालो कठबारको प्वालमा।
देखेर राधा जुरुक्क उठिन अधनङ्गा बेहालमा ॥
खोलेर ढोका छोरीलाई निहुँ गरेर पिट्छिन् ती ॥
ढुम्क्याउँछिन् तिनले निर्दयी पापी हातले बेगिन्ती ॥

(६)

ती रोई रोई "भन्दिन्छु" भनिन् "मालको बुवालाई"।
"दुइजना बसी थुनेर ढोका चलेको टोकालाई" ॥
पसारी चोसो ती रुन लागिन् झन् पाइन् ढुस्सन।
च्यातेर गाला लर्काउँछिन् आमा संझेर दुश्मन ॥

(७)

साह्रै नै दुःख मानेर तिनी रोएर निदाइन्।
आमाले बोल्ली भनेर तर्सी साँझमा विष ल्याइन्।
मिठ्ठाइ मगाइ "खाउ नानी" भनी मायाले खिलाइन्।
सर्बत पनि विषालु रसको मायाले पिलाइन् ॥

(८)

कठै ! ती सानी पालुवा, मीठी पाठीकी दोस्तानी ।
क्यै चित्त बुझी एकवाजि लोलाई निद्रामा मस्तानी ॥
परेर त्यसै बर्बराई गइन् टुहुरी देशमा ।
देवदूत आई तिनलाई लगे रातको शेषमा ॥

(९)

हा ! काम तँलाइ काँढाको हड्डी( ?) ! विषको फुलाइ ।
हे हिलो कालो ! कमलको मल ! पशुको उग्राइ ॥
तँ मीठो भ्रमले मानवतामा गर्दछस् क्रूर काम ! ।
यो शिशु हत्या रुलाउँछ अझ स्वर्गको भरी धाम ॥

(१०)

भो भोलिपल्ट पहेंलो दनदन सुनौला मसान ।
पूर्वका चुलीहरूमा सेता– ती शिशु निदान ॥
फूलले रोए, वनले रोए, हवा भो चिसो आस ।
तर एक कुरा रातमा भयो जसले अड्छ सास ॥

# च

(१)

रातमा यौटा रोएको स्वर अनौठा सुनियो।
दुरुस्त मान्छे रोएको स्वर बीचबीचमा थुनियो।
त्यसपछि केही झसङ्ग बनिन् मैना ती सिरिङ्ग।
आँगमा लाग्यो अनौठा हावा मन भो झसङ्ग ॥

(२)

मैनाले हेरिन् साहस गरी बाँसवारी अँध्यारो।
एक राँको सल्क्यो अँधेरी रातमा– ज्वालाको लअरो ॥
मानिस जस्तो बिरालो रोए झगरी त्यस वेला।
तब त्यो मुस्लो खरीलाई ढाकी झन् भयो अश्मेल ॥

(३)

अजङ्को यौटा भूतझैं सेतो डरलाग्दो पिशाच।
तिनले देखिन् त्यो ङिच्च हाँस्यो देखाई सब दाँत ॥
एक थला उभ्भिन् नचल्न सकी गोमन सामुन्ने।
फणाका अघि ठिटा भैं नङ्गा– अनि भो सब शून्ये ॥

(४)

रातमा साहस गरेर ठाँटिन् बास्ना भैं नखरे।
भऱ्याङमा आयो जुत्ताको आवाज क्यै थोरै खर्खरे ॥
भेट्नलाई जाँदा क्वै छैन फेरि दुइबाजि त्यसो भो।
तीनबार हुँदा ती गइनन् उठी एक मानिस बस्दो भो ॥

(५)

जुरुक्क उठी "ए कृष्ण बाबु" भनेर उठाइन्।
पाउडरले सेता पाखुरा राम्रा प्रेमले उठाइन् ॥
हेर्दा त आफ्नो अघिको स्वामी छ्याक छ दुरुस्त।
बोल्दैन केही उभ्भेर ठिङ्ग हेर्दछ खुलस्त ॥

(६)

सिरिङ्ग भयो आँग सब तिनको सर्प भैं खुंचिन् ती।
चलेन अङ्ग, फुटेन बोली मूर्ति भैं बनिन् ती ॥
अल्पेर ठिङ्ग मूर्ति त्यो तिनको– ती मैना चिच्याइन्।
"लौन नि मलाई बचाइदेऊ" भनी त्रासले कराइन् ॥

(७)

देवर आए फुल्याए तिनलाई क्यै छैन भनेर।
पलँगमा लगी तकियामाथि सुताए नुहेर ॥
पिलाए पानी– पानीले ठोके ज्वरको निधार।
तर भो तिनलाई अनौठा छटपट निसास्सी भरमार ॥

(८)

तिनका आँखा टलक्क टल्के पहेंलो मुख भो।
छातीमा आयो भक्कानो कानो वाक्बन्दी दुख्ख भो ॥

छातीको चोली उघारिन् तिनले केश खज्मज पारेर।
अनौठा कुरा बर्बर गरिन् बटारी तन हेर ॥

(९)

वैद्यले आई समायो नारी पक्षपात भन्दछ।
न एउटा लाग्यो औषधिमूलो– न केही लाग्दछ ॥
मंत्र र झारफूक धामी र ढ्याङ्ग्रा लागेन क्यै पनि।
खाइनन् तिनले पिइनन् तिनले छ महिना जल पनि ॥

(१०)

जान्नेले भन्यो "हन्शनी" लाग्यो औषधि लागेन।
बर्बर गरिन्– चलिनन् तिनी– त्यो रोग भागेन।
छाया ती देख्थिन् जगत भन्दा डरलाग्दा, विचित्र।
बराबर केही निसास्सी खोज्थिन् जल रुन पवित्र ॥

(११)

तर त्यो जल न आउँथ्यो रसाई आँखाका परेला।
टलक्क गरी टल्कन्थे आँखा– बेरस विषैला ॥
देवरले हुँदा परक्क तिनी बाटिन्थिन्, बराबर।
बिरालो आउँदा तर्सिन्थिन् झस्की अनौठा थियो स्वर ॥

(१२)

छ महिना तिनी ओछ्यान परिन् सावनको भयो मास।
गरुड आयो, आकाशमा लग्यो, कालो नाग, खिची श्वास ॥
त्यस बीचमा तिनी बटारी फर्र किटेर मरिन् दाँत।
एक घडीपछि देवरको शिरमा परिगो वज्रपात ॥

(१३)

फुटेर खप्पर वज्रले चिरी देवर मरे ती ! ।
भाउजु मरिन्, बटारी पापले नरकमा झरे ती ॥
स्वर्गको राज्य बालकको हाँस्यो दिन ढल्की पछाडि ।
धर्म्मझैं निर्मल आकाश खुल्यो ज्योतिको अगाडि ॥